# नि:शुल्क कानुनी सहायता

भारतीय संविधानको अनुच्छेद 39 – अ मा सबैको निम्ति सामान्य न्याय सुनिश्चित गरिएको छ। यसका साथ गरीब र कमजोर समुदायका व्यक्तिहरुका लागि नि:शुल्क कानुनी सहायताको प्रावधान राखिएको छ।

**नि:शुल्क कानुनी सहायता अंतर्गत पाईने सुविधाहरु :**

* अदालतको फीस र केसमा लाग्ने खर्च आफुले बेहोर्नु पर्दैन।
* मुद्दा दिनुदेखि लिएर मुद्दाको छान–बिनका लागि सरकारी वकील उपलब्ध गराइन्छ।
* मुद्दाको निम्ति चाहिएका आदेश र अरु जरुरी कागजातको प्रमाणित नकलहरु उपलब्ध गराइन्छ।
* मुद्दाको निम्ति अपील र अन्य कागजातको अनुवाद व छपाइको निम्ति पेपर तयार पार्ने खर्च बेहोर्न पर्दैन।

**नि:शुल्क कानुनी सहायता कसले प्राप्त गर्न सक्छ ?**

* महिला एवं बालक–बालिकाहरु।
* अनुसूचित जाति र अनुसूचित जनजातिका व्यक्तिहरु।
* मजदुरहरु।
* शहीद सैनिकका परिवारहरु।
* जाति–हिंसा, बाढि, भूइँचालो, खडेरी र औद्योगिक आपदाको चपेटमा परेका व्यक्तिहरु।
* शारीरिक वा मानसिक रुपले अपांग व्यक्तिहरु।
* ती व्यक्तिहरु जसलाई भिख माग्न लगाइएको छ।
* जसको सालाना आमदनी एक लाखभन्दा थोरै छ।
* ती व्यक्तिहरु जसलाई बेचिएको छ।
* ती व्यक्तिहरु जसलाई हिरासतमा राखिएको छ।
* अवैध मानव व्यापारको चपेटमा परेका व्यक्तिहरु।
* नारी निकेतन, किशोरगृह वा मानसिक गृहमा रहेका व्यक्तिहरु।
* गरीबी सिमादेखि तल बसोवास गर्ने व्यक्तिहरु।

  यसका साथै, यस्तो अदालती मामिला, निम्ति धेरै महत्वपूर्ण छ, यसमा पनि नि:शुल्क कानुनी सहायता प्रदान गरिने छ।

**कहाँ, कसलाई सम्पर्क गर्नु ?**

नि:शुल्क कानुनी सहायता प्राप्तिको निम्ति आफ्नो तहसील न्यायालय, जिल्ला न्यायालय, उच्च न्यायालय, वा सर्वोच्च न्यायालयमा सम्पर्क गर्न सकिन्छ।

* तहसील न्यायालयको मामिलामा तहसील विधिक सेवा समितिका अध्यक्षलाई आवेदन गर्नु पर्छ।
* जिल्ला न्यायालयको मामिलामा जिल्ला विधिक सेवा प्राधिकरणका सचिवलाई आवेदन गर्नु पर्छ।
* उच्च न्यायालयको मामिलामा उच्च न्यायालय विधिक सेवा समितिका सचिवलाई आवेदन गर्नु पर्छ।
* सर्वोच्च न्यायालयको मामिलामा सर्वोच्च न्यायालय विधिक सेवा समितिका सचिवलाई आवेदन गर्नु पर्छ।
* जो मजिष्ट्रेट जजको अघि आफूलाई पेस गरिन्छ ती मजिस्टेट जजसंग नि:शुल्क कानुनी सहायताको माग गर्न सकिन्छ।
* पुलिस हिरासतमा रहेको खण्डमा स्वयं पुलिससंग पनि नि:शुल्क कानुनी सहायताको माग गर्न सकिन्छ।

**नि:शुल्क कानुनी सहायता प्राप्त गर्नको लागि के गर्नु पर्छ ?**

* माथि उल्लेख गरिएका संबंधित अधिकारीलाई लिखित आवेदन गर्नु पर्छ।
* लेख्न–पढ्न नजान्ने व्यक्तिले विधिक सेवा प्राधिकरणलाई मौखिक रुपमा भन्नु वा सुनाउनु पर्छ। व्यक्तिको मौखिक कुरा सुनेपछि प्राधिकरणले आवेदन लेखि दिन्छ।
* गरीबी सिमादेखि तल बसोवास गर्ने व्यक्तिले आफ्नो प्रमाण–पत्र प्रस्तुत गर्नु पर्छ।
* नि:शुल्क कानुनी सहायता लिन जाँदा यदी वकीलले धनको माग गर्‍यो भने यसको शिकायत विधिक सेवा अधिकारी समक्ष गर्न सकिन्छ।
* नि:शुल्क कानुनी सहायता नभेटेको खण्डमा यसको शिकायत जिल्ला न्यायाधीश वा मुख्य न्यायाधीश समक्ष गर्न सकिन्छ।



**अदालतको जिम्मेदारी :**

थोरै आमदनी भएको कुनै व्यक्ति यदि कुनै मामिलामा बिना वकील अदालतमा पेश भयो भने मेजिस्ट्रेटले त्यस्ता व्यक्तिलाई निःशुल्क कानुनी सहायताबारे जानकारी गराउनु अत्यन्तै आवश्यक छ।

**निःशुल्क कानुनी सहायता कतिखेर पाइँदैन ?**

* मान वा सम्मान हननको मामिलामा।
* न्यायालयको अवमानना तथा शपथ भंग गरेको मामिलामा।
* चुनाव संबंधी मामिलामा।
* कुनै अपराध गर्दा 50 रुपियाँभन्दा धैरै जुर्माना तिरेको मामिलामा।
* आर्थिक वा सामाजिक अपराधको मामिलामा। जबकि यस्ता मामिलामा जिल्ला विधिक सेवा प्राधिकरणले निःशुल्क कानुनी सहायता दिन पनि सक्छ।
* व्यापार वा कारोबार संबंधमा धन वा सम्पत्ति असुली मामिलामा।

## एउटा अपील

निःशुल्क कानुनी सहायता विषयमा जानकारी लिनुहोस्। यो जानकारी समाजका ती सबै व्यक्तिहरुलाई गराउनुहोस् जसलाई निःशुल्क कानुनी सहायताको जरुरत छ। तपाईंको सहयोगले धैरै गरीब, मजदुर, महिला, बालक-बालिका, अनुसूचित जाति, जनजाति व विभिन्न आपदाको चपेटमा परेका व्यक्तिहरुलाई निःशुल्क कानुनी सहायता प्राप्त हुन सक्छ।

---


सत्यमेव जयते

**न्याय विभाग**

**विधि तथा न्याय मन्त्रालय, भारत सरकार**

साक्षर भारत

**राज्य स्रोत केन्द्र असम**

**राष्ट्रिय साक्षरता मिसन प्राधिकरण**

**मानव संसाधन विकास मन्त्रालय, भारत सरकार**

website :: www.srcguwahati.in


साक्षर भारत

**कानुनी साक्षरता शृंखला-९**

# निःशुल्क कानुनी सहायता

